जयतु संस्कृतम्

म लोग्ने हुँ !

★

आधा देश तिमी नै हौ, तिमी नै हौ सधैं तल
हे मातृजाति, कसरी देश उठ्ला ? छिटो उठ !

★

C.S
895.5131
915m

लेखक—
पूर्णप्रसाद, ब्राह्म

म लोग्ने हु

C.S
N 895.5131
Pu.915m

TRIBHUVAN UNIVERSITY
Kathmandu
LIBRARY

आमा ! हाम्रा घर सधैं अन्धकार नहुन् किन ?
गृहलक्ष्मी तिमी, तिम्रै यस्तो दीन कथा छ त !

एक कुरा !

नाउँ भने, धर्म रे, गोरक्ष देश रे, गौमाता रे! गाई हेर्‍यो आधापेट छन्, फुकिढल्ला छन्। त्यस्तै भन्नलाई गृहलक्ष्मी रे, गृहिणी रे! नारी हेर्‍यो निदाउरा छन्, अधिकारवञ्चित छन्, कुल्चिएका छन्!

पाइरियाले फतफत गिजा कुहिएको लोग्ने किन नहोस्, त्यसको जूठो नखाए, नारी 'सती' भइन रे! फोहर मैलाले लोग्नेको गोडो ठसठसाएको किन नहोस्, त्यसलाई नढोगे त्यसको पानी नखाए, नारी 'सती' भइन रे! लोग्ने वज्रलण्ठ स्वाँठ नैं किन नहोस्, त्यसको मूढ़ अनुशासनमा नहिंडे पनि नारी 'सती' भइन रे! बलिहारी छ हाम्रो मूढ परंपरालाई ! अन्धधर्मलाई ! अन्धसंस्कृतिलाई! र अन्धो समाजलाई।

नारी! बढ्ता के भनूँ, तिम्रो सामाजिक चित्र तिम्रै अगाडि छ, हेर। हेरेर पनि नरोइहाल, त्यसको साटो खूब कल्पिय, र अरूलाई पनि कल्पिन सिकाऊ। कल्पिएको जति जम्मा गरेर पडकाइदेऊ त्यो एटम् बम भएर फुट्छ! यी डाँडाकाँडा सब भासिन्छन्। अनि आँखा पुगेसम्म हेर—तिम्रो निंति अरू कति विशाल क्षेत्र रहेछ।

पूर्णप्रसाद, ब्राह्मण

दुइ शब्द !

यी कथा हामी नारीहरूका विभिन्न चित्रित अवस्था हुन् । श्री पूर्णप्रसाद ब्राह्मण [जो मेरा जीवन-साथी (म) को एक हितैषी साथी हुनुहुन्छ] उहाँले हामीहरूकै उत्थानको लागि यो लेख्नुभएको हो । हामीलाई समाजले कसरी कुल्चिएको छ र हाम्रा विभिन्न दिदी-बहिनीहरूको कस्तो वेदनामय जीवन छ, यो यी कथामा छर्लङ्ग उत्रिएको छ । आशा छ--यसबाट हाम्रा दिदी-बहिनीहरूले धेरै जागृति पाउलान् र लेखकले पनि यस्ता अरू पनि चित्रण दिएर वर्तमान नारी-समाजको कल्याण गर्नुहुनेछ ।

छात्रा—

शान्तिदेवी, लुइँटेल

कथाक्रम

कथा	पृष्ठ
1- छोरी	१
2- गरीबकी छोरी	५
3- आमा।	८
4- म पनि आउँछु !	१४
5- सुसारे	१७
6- म लोग्ने हुँ !	२०
7- हत्या	२२
8- उमा	२५

TRIBHUVAN UNIVERSITY
Kathmandu

छोरी

भान्सानेरको भित्री कोठामा टोलका बूढीपाकीहरू जम्मा भएका छन्। 'स्याउ स्याउ' आफूआफू कुरा गर्छन्, गल्ल हाँस्छन्। कहिले फुल्याएर भन्छन्—यस्तै हो चन! सबैलाई यस्तै हो, अब एकै छिन जीउ नफाल न! बिग्र्यो भने कस्तो हुन्छ। होकि साहिंली! दमाईटोल नेपाल्नी बज्यैले भन्दा मानिनन् र कस्तो भो!

एक छिन फेरि 'स्याउ स्याउ' चल्यो। अनि फेरि सुनियो—'नेपाल्नीको त्यो कान्छा छोरो कुस्नेको टाउको अझ कहाँ बनेको छ र! एकपट्टि त ङ्याच्चै त परेको छ नि!

अर्को—'लौ लौ, तेल झिक कहाँ छ, यी आगो दन्किसक्यो, एक थरीले तेल लाउँदै सेक्तै गर, छिटो हुन्छ।'

अर्को—'अलिकति मिश्री ल्याइराख भन्नुपर्नें। अलिकति काँडा पियाए पनि सजिलो हुन्छ, नत्र मेरी आमा! जीउ लत्रन्न हुन्छ। पियाए अलि शीतल हुन्छ'।

चन—'ऊँ ऊँ' अय्....या....,लौन दिदी!'

एउटी—(अर्कोको कानमा) 'अलि छिपिएपछि त साह्रै गाह्रो हुन्छ, साह्रै। के गर्नु!'

चनलाई आज बेथा लागेको छ। घरमा त्यसैको खलबली छ।

\+ \+ \+

एक छिनपछि भित्रबाट गुन गुन शब्द आयो—'छि; छोरी

राँडी पो रहिछ, मुख त आमा जस्तै रहेछ, मोरीको'।

फेरि ठूलो स्वरमा सुनियो, 'ए ! घडी हेर है, को छौ बाहिर !'

फेरि गुनगुन शब्द सुनियो—'राम बाबुलाई मेरी स्वास्नी पाउँदै पाउन्न भन्ने थियो, भला छोरी भने पनि पाइन् नै। छोरी हुँदा छोरो हुन्छ, के गर्नु त'।

एउटीले भनी—'हेर हेर सासूचाहिंको मुख, 'के गर्नु त, पीर नमान्नुहोस् क्या अहिले ! पहिले त छोरी नै पाएको लच्छिन रे बाबै ! पाउन लागेपछि कति दिनको कुरा हो र अब !'

सासूचाहिंले पुर्पुरोमा हात लगाएर भनिन्—'रामे सारै कर्म फुटेको रहेछ। संगसंगै पल्लाघर दाजुका तीन तीनोटा छोरा भइसके। कतिको जेठाकान्छी छ र, २-३ महीनाको त हो नि ! के गर्नु यो छोरी राँडीले ? पाल्न र स्याहार्नकै हुर्मत त होनि !

यति भन्दा भन्दै भन्याङको आवाज आयो। घरका केटा-केटीहरूले उफ्रेर, चिच्याएर भने—'ऊ रामु दाइ आउनुभो। ए ! रामुदाइ ! भाउज्यूले त छोरी पाउनुभो छोरी !

सासूचाहिंले भित्रबाट भनिन्—ऊः कति छिटो सुनाउनुपरेको नि यी चौथाले राँडाराँडीलाई ! बाहिरबाट आउँदा आउँदै, कति खिसिक्क भयो होला। अरूको बिहे गरेको देख्नै हुन्न, उसै त अर्को बिहे गर्छु भनिरहन्छ'।

फेरि केटाकेटीहरूले भित्र आएर भने—'हामीले रामुदाइलाई भनिदियौं, रामुदाइ पहिले त अडेर सुन्न लाग्नुभाथ्यो, पछि त सबै कुरा नै नसुनी कोठाभित्र गएर कोटै समेत लाएर घोप्टो परिरहनुभा

छ, हामी बोलाउन जाऔं है, वहाँ ?

सासूचाहिं—'हा···, के खाँचो तिमीहरूलाई, उठेर बेसरी थप्पड दिन्छ अनि, बाइफालेहरूलाई । आउँदा आउँदै के घिच्न भन्नुपर्‍याथ्यो ?'

एक छिनपछि दिदीचाहिं रामबाबुको कोठामा पस्न लागेकी थिइन्, हत्तपत्त रामबाबु उठेर, बलात् चेहरा बदलेर, एउटा किताप पल्टाएर बस्यो । दिदीचाहिंले भनिन्– केटाकेटीहरू सुत्यौ भन्थे, म त संचो भएन छ कि भनेर, के को किताब नि रामबाबु ! त्यो ।

रामबाबुले आङ भक्र्याउँदै भने– मलाई हिजोदेखि नै कपाल दुखेको छ दिदी !, यो किताप 'अदालती बन्दोबस्त' हो' ।

\+ + +

चन सुत्केरी भएदेखि नै बिरामी जस्तै थिइन् । बेथा पत्ता लागेको थिएन । पहिले बेथा पो कसले छुट्याउन खोजेको थियो र ! सधैं उनी खानै रुच्तैन, राती सीदै पर्दैन भन्थिन् अरे, त्यो पनि घरकाहरूसंग हैन, छिमेकीहरूसंग । छोरी पाएको त उनको निंति विषको सेलो पाए जस्ती पो भो । घरमा जान्ने र बुझ्ने जति सबै उसंग आफ्नो जस्तो गरेर बोल्दैनथे । अरू त के, उ सुक्तै जाँदा, थोपो छिटो दूध नआउँदा, एक मानाको राम्रो पर्वस्ती भएका मान्छे रे आफू ससुराले नातिनीलाई दूधसंम पनि किनेर ख्वाएनछन् । लिटो चटाइदिनू भने रे ।

'के कुरा हो कुन्नि, 'जतिचोटि बिहे गऱ्यो, उतिलाई तिलहरी बनाउन सकिन्छ !' भनेर बज्यैले मेरो घाँटीको साँचो मागेर बाकसबाट तिलहरी झिक्नुभो, बांडाकहाँ उजिल्याउन पठाउनुभो, बाजेचाहिं लुगा किन्न जाने कुरा गर्नुहुन्थ्यो, यसको बाको चाहिं भूइँमा खुट्टा थिएन' भनेर चन छिमेकी साथीहरूसंग रुन्थिन्। उनीहरू भन्थे— 'ज्यादा रुने नगर बहिनी ! हेर आँखा पनि सुन्निइसके। चित्तबुझाऊ लोग्नेमानिसका हामी कठपुतली नै रहेछौं, ईश्वर होला नि देख्ने !

———

गरीब की छोरी

पार्वतीको हात समातेर गङ्गाले अश्रुपूर्ण स्वरमा जाइलागेर भनिन्—के को नामर्द भएर घर पठाइदे भन्नुहुन्छ, गरीबकी छोरी भनेर हेला गर्न, वारंवार घोचिरहन पाइन्छ ? जहिले पनि सासू भनौंदी लखाटी—'अरू छोराको जस्तो कान्छाको सम्बन्ध राम्रो ठाउँमा परेन भनिरहने रे, यसका देउरानी ज्येठानीको अगाडि तीज आयो—यसको माइतबाट त बरु केही नल्याए हुन्थ्यो, ल्याउँछन् अरूको अगाडि बेइजत भन्ने रे। अरू त के यसको बाजेको श्राद्धमा वसन्तपूजा गर्दा संगै भए अरू ज्येठानीहरू यसलाई कुहिनोले धकेल्ने रे, सासू पनि जे काममा पनि तँ अलग्ग भएर गर न

ज्येठानीहरूको तँ काँट लाग्छेस् र सँगै बस्छेस् भन्ने रे। यसलाई बिहे गर्दा ती पनि हामी जस्तै थिए, उस बेला छोरो कहाँ बिकाउँ थियो र धर्ना बसेर मागे, दियौं, अहिले बेइलमी र बेईमानीले खाने काल, महाकाल कुर्दा कुर्दा साउँ अद्वर नजान्दा पनि टाउकोमा ब्याज हाल्दा आएको फूर्ति हैन त्यो ! लोग्ने भनाउँदो ठेउको पनि अरूको लैलैमा यसलाई देख्यो कि मरण्टो बटार्दो रे, अर्को बिहे गर्छु भन्दो रे। जेसुकै भन्नुहोस्, तिनको घरको लल्याई लल्याई दिएको पुरा भातले के गऱ्यो, माइतको खोलेफाँडो खाली त।

केशवले आमासँग लिपिक्क लागेकी छोरीलाई हेरेर भने-नानी ! बालख हैनौं, २०-२२ की भैसक्यौ। बस्नै सक्तिन त्यो घरमा, भन्छयौ भने आमाले भने जस्तै बस। नत्र आफ्नू घर भनेको घरै हो। केही दिउँ म सक्तिन। नत्र एउटा थलामा बस, खाउ भन्थें। भला आफ्नू जीउ छउन्जेल जे भएको गुजारा चलाइन्थ्यो, भनूँ पछि के हुने हो। आफ्नो यो अवस्था छ, आज हो कि भोलि हो।

पार्वतीले बाबुको कुरा सुनिरही। मुखले त के, उसको चेहराले पनि माइत बस्न र घर जानमा कुनै निधो बसाएको देखिंदैनथ्यो।

\+ \+ \+

संसार यस्तै छ, निर्धाका दिन अंध्यारोमा अंध्यारा मात्रै हुन्छन्। घिचरी पार्वतीको निंति न अतीत नै उज्यालो थियो, न वर्तमान नैं। भला कसै पनि जन्म दिने बाबुआमा, अघि आफ्नू निम्ति केही शोक

र सहानुभूतिका कुरा गर्थे, जसोतसो आश्रय थिए। ती दुई पनि यो लोकबाट बिदा भए। आज दुइ वर्ष भो। घरमा उसै त त्यो हेला थियो, त्यसमा पनि अब त सौतै आएकी, के गइसक्नु थियो! भनूं त्यो भन्दा दोबर हेला आज उनले माइतीमा खप्नुपरेको छ। घरमा हेला थियो, तर अधिकार पनि थियो। यहाँ त एउटै हेला मात्र छ। उनको निम्ति त्यहाँ दुख भए यहाँ वेदना छ। वहाँ वेदना भए यहाँ यातना छ। यसैले होला दुइ तीन दिन भयो, उनी माइत पनि छैनन्। हुन त कहाँ गइहोलिन्, समाजको कृपा! उनलाई रोजीछाडी कति पो बाटा थिए र!

\+ \+ \+

पार्वतीका दाजु कृष्ण किन किन दुइ दिन बाहिरै निस्केनन्। तेस्रो दिन निस्कन लाग्दा उनको हात आफ्नो कोटको बगलीमा पर्‍यो, त्यहाँ एउटा चिठी रहेछ –

दाजु,

यो भारजीवन बिसाउने नै मैले विचार गरें। सामाजिक अन्याय र अत्याचारको खुला विरोध गर्न नसक्ता नैं मैले अपहत्ते गरेर मर्न बाध्य हुनुपर्‍यो। बरु नेपालका मेरा अरू दिदीबहिनीहरूलाई, मेरो लाश देखाएर, मतर्फको यो सन्देश दिनुहोला– 'मेरा दिदी-बहिनी-हो, सामाजिक अन्याय र अत्याचारको आधारमा उभिएको पुरुष-तन्त्र दाम्पत्यराजको तख्ता पल्टाएर, प्रेमतन्त्र दाम्पत्यराजको स्थापना

गर्न छिटो नै जागृत बन्नुहोस् संगठित बन्नुहोस् ! नत्र तपाईंहरूले पनि यही दशा भोग्नुपर्नेछ ।

—पार्वती

पुरानो घरको बुइँगलबाट

०४–१२–३ मा

कृष्ण हत्तपत्त दौडेर उक्त स्थानमा पुगे । देखे—उनले नभन्दै झुण्डिरहेको पार्वतीको लाश ! उनी बिलखबन्द भए ।

त्यहाँको दुर्गन्धमय वातावरणले भनिरहेको थियो-हेर, मृत्युले नै जीवन ल्याउँछ !

———

आमा !

गुजुमुजुक्क शहरको अँध्यारो छेंडीको ओस, अघिका कति काखका बालक विष्णुमतीका बालुवाभित्र परे ! यो चोटको साथ-साथै काखभरीको एउटा बालख फेरि लिएर त्यसको बालकेली हेर्ने मातृत्वको प्यास मेट्ने धोको सेतीको मनमा दिन दोबर, रात चौबर बढिरहेको थियो । मानौं त्यही कामनाव्रतको फलस्वरूप आज पाँच महीना भयो, उसले छोरो पाएकी छ । घरी काखमा हालेर त्यसलाई त्यसै आँखैले पिउँजस्तो गर्छे, घरी म्वाइँ खाँदा खाँदै मायाले त्यसको

मुखै निलूँ जस्तो गर्छे । छोरोको त्यो मोहनी मुस्कान ! त्यसलाई देख्ता सेती मायाले आफूलाई बिर्सेर पागल बनेकी हुन्छे ।

सेतीका जोइपोई अघि आफ्नो घरको रिन उतार्न भनेर शहर उत्रेका हुन् । आजकल त त्यो लख, त्यो आश छोडेर खालि साँझ सबेरको बाधा फुकाउनै ईश्वरसित प्रार्थना गर्थे । साहूहरूको माल लरी औ गधासित दांजिएर खेप्थे । तैपनि यी श्रमिक दम्पतीको गुजेस्ता आधा नाङ्गो, आधा भोको भएर चल्थ्यो । अघि अघि एक महीनाको बालक काखमा चेपेर पनि सेती माल खेप्थी, यसपालि चाहिं कुन्नि के व्यथाले हो, बाहिरको काम गर्न नसक्ने भएकी छ । एक जना लोग्नेको मजदूरी बाँड्नुपर्दा खोले पिए पनि दुइ छाकलाई पुगेस पुगेस छ ।

\+ \+ \+

सेतीको छोरो रामे अब 'अम्मा अम्मा' भन्न सक्ने भयो । आमाचाहिं दूधालु भए पनि खान्गीको कमीले गर्दा उसको छाती काठ जस्तै थियो,रामे खिरिलो हुँदै गएको थियो । आमाको दूधमाथि दिनको ३ पटक उसलाई खोले चटाउने गरेको थियो । अस्ति २।३ दिन त नजीकै साहूकहाँ बिहे थियो, त्यहाँको काम गर्न पाउँदा खान्गी पुगेर होला उसको दूधले नै पुगेर रामे खोले चाट्न मान्दै-नथ्यो, 'त्यो पर्व सकियो, अनि त उसको पेट फेरि खोलेको भर पर्न थाल्यो ।

झमक्क सांझ परेको थियो । लोग्नेचाहिं, बाहिरबाट आयो र निकै खुशी हुँदै भन्यो,—हाम्रा एउटा साथीले भने–को, कुन्नि कुन

ढोकामा भन्थ्यो, केटाकेटीलाई धाई खोजेका छन् रे, के गर्नु मेरी स्वास्नी सुत्केरी भए यो मौका चुकाउने थिइन, चाहिएको बेला सुत्केरी बनाएर बन्ने हैन भनेर उ कल्पन्थ्यो। अ....दूध पगार्न मसिनो चामल, दूध मासु प्रशस्त ख्वाउँछन् रे। फेरि महीना महीना-को तलब हुन्छ रे। लुगा नयाँ नयाँ फेरिरहन पाइन्छ रे। मैले त हाम्री सेती जान्छे, नपठाई छोड्दिन भनेर कबूलै गरेर आएँ, 'लौ अरूले उछिन्लान्, कुरा चलाइहाल' भनेर उसले पनि हुन्छ भनेको छ। भोलि त निधो दिइहाल्छ। लौ जा है?

त्यो सुन्दा खुशीले आँखा च्यातेर सेतीले भनी—'खान त्यस्तो, लुगा...., फेरि तलब, सधैंलाई?'

'अँ, त नि; पछि त झन् त्यो केटाकेटी हिंड्न सक्ने भएपछि जर्नेल भइहाल्छ, दूध ख्वाएको, तँलाई आमा जस्तो गर्छ सधैंलाई त हो नि!'

एकबाजि हर्षको समुद्रमा गोता मारेर निस्केपछि सेतीको मनमा के के खड्किए जस्तो भयो, उसको उज्यालो चेहरा केही बदलियो र फेरि एकै सासमा सोधी—'अनि यो रामे? यसलाई लान दिन्छन् नि?'

'त्यसो त किन दिन्थे'—लोग्नेचाहिंले अलि धोत्रो स्वरमा भन्यो। अनि छोरोको मुख सुमसुम्याउदै सेतीले भनी—'हाइ त्यसो भए त, नलाए नखाए पनि यस्तै भा छ बरू।'

'यसै पनि खोले चटाएरै त यो बाँच्या छनि, के गर्छस् त। तैंले हेरेर मात्रै यो हुर्कने हैन'—लोग्नेको कुरा छातीको धडकनको साथ

आँखा खुच्याएर सेती सुन्दै गई । उ भन्दै गयो—'हुर्कने भए अरू पनि हुर्कन्थे दैवले हेरे यो पनि हुर्कला । आफ्नो दुःख तँलाई थाह छँदै छ । यति गरेर हाडछाला हुँदा पनि सुत्केरी हुँदा दुइ छाक पनि राम्रोसित तेरो पेटमा मसलाको झोल परेन । अझ घरैको कुरा संझे छाती रहदैन । तँ गइदिस् भने त एक, मानो जोगियो, अर्को ठूलो घर, कुनै दिन आफ्नो दर्द बिसाउन पाइएला, दुःख मेटिएला । उता तलब साँचिदै जाने, बाहिर र पेटमा तातो लाउन पनि पुग्दैन, के सांच्ने ? त्यही ठूलो कुरो भो । तँ भित्रिया भएपछि मलाई पनि त्यहीं नोकरी मिल्छ कि ! कतितिरको आश गर्नुपऱ्यो ! यी सबै कुरा तँ गए हुन्छ । छोरो त के आफ्नो छँदै छ । बेहान बेलुका टायममा ख्वाउँछु, पियाउँछु । झोलुङ्गामा हालिदिन्छु । दिउँसो पनि माल खेप्ता यतै आइन्छ । मौका छोप्तै आउँछु, हेर्छु । गर्दा गर्दै हुर्कन्छ, ईश्वरले हेर्छन्, ईश्वरले बचाउँछन् के गर्ने त बाबै, बुझिदेन !

'जान्न' हाइ यस्तालाई छोडेर त, केको मनले त्यहाँ गएर खानु ?'—कालो मुखमा ओठ कपाउँदै सेतीले भनी ।

'के गरुँ त आफ्नू दूध छैन, जाउँ ख्वाउन भने । एक दिन यत्तिकैमा बर्कत सकिंदै गएर, आफ्नो भारीले आफै थिचिएर भुतुक्क हुन्छु, भैगो त नि,आफ्नो नसीबमा नभाको कुरो....!—लोग्नेचाहिंले अश्रुपूर्ण स्वरमा भन्यो ।

अनि सेतीले फेरि केही भनिन । लोग्नेको कुरामा गडेर सेतीले रामेको मुख मात्र के हेरिरहेकी थिई—आँखाबाट तप्प तप्प दुइ थोपा आँसु खसाली ।

मानिस आफू के गर्छ र, सब परिस्थितिले गराउने त हो ! सेतीले मनमा कति कुरा मथी, लोग्नेको कुरा कति काटी, तर पछिको आशा सबैलाई उत्तिकै हो। भर्खर वाक्य फुट्न लागेको रामे 'अम्मा !' भनेर काख जान भूइँबाट दुइ हात दिँदै थियो, त्यो देख्या नदेख्यै, सुन्या नसुन्यै गरेर छातीमा मुड्कीले हानेर धुँक्क धुँक्क गर्दै सेती डेराबाट निस्किई ! बाटीभरी वाक्य फुटाउन नसकी २ धाई पर्न पुगी।

रामेलाई अब आमाको तातो काख पनि छैन। कसले हरिदियो। उसलाई थाहा छैन। अपराधी जस्तो अँध्यारो छिँडी कोठामा थुनिदिएको छ, चोयाको झोलुङ्गोमा हालेर। बाबुचाहिं आधाकाँचो ढिंडो खाएर बिहान धौता झुल्कँदा निस्कन्छ, पटक पटक आउँदै हेर्दै, चिसो लिटो चटाउँदै त्यसै गरी झोलुंगोमा हाल्छ, बाहिर निस्कन्छ। राती पनि आफ्नो खानपीन सक्छ, झोलुङ्गोबाट छोरालाई झिक्छ, काखमा लिएर सुत्छ। के सुत्छ ? राती आमा भन्ठानेर आफ्नो छातीमा छोरोले दूध खोजेको, निराश भएर आमा ! आमा ! भनेर दिनदिनै निर्धो भएर अजरेको सुन्दै छाती चिरिन्छ, निद्रा पाउँदैन, खोपै खोपमा रात काटेर फेरि अघिल्लो दिनको आफ्नो दुःखको दिनचर्या दोहऱ्याउन थाल्छ। रामेले न कहिल्यै जीउमा तेल पायो, न सेकताप, न त घामै पनि। त्यो त्यसै प्हेंलिएर गयो, साथै बाबुचाहिं पनि खोपै खोपले त्यसै टाक्सिदै गयो। आजभन्दा भोलि काम पनि गर्न नसक्ने भयो। उसंग शायद कति व्यथा होलान् ! तर छोरो सिन्को हुँदै गएकोले उसले आफ्नो थिति विचार गर्ने होशै

पाएन । आफ्नै जीउ पनि उसको खतडामा परिसकेको थियो । किन नपरोस् ? बोक्नु छ मनका मन भारी खानु छ ढिंडो र भुटनबेगरको गुन्द्रुकको संग्लो झोल ! त्यसमाथि छोरोको त्यो हत्ते !

\+ \+ \+

उता सेतीलाई न खान रुच्थ्यो, न कुनै वेला पनि जीउ चङ्गा हुन्थ्यो, सधैं के के लागे जस्तो झोक्राइरहन्थी, उसलाई जीवनमा निराशाको सिवाय अर्को अनुभव हुँदैनथ्यो । कहिले त्यसै झस्कन्थी, कहिले टोलाउँथी,कहिले एक्कासि काख छाम्थी र बर्र आँसु झार्थी । मालिकहरू भन्थे—'यो पागल हुन आँटेकी रहिछ, के धाईको काम दिन्थी !' उ जति सुक्तै गई, उति उसको दूध थोपो नआउने हुँदै गयो । यसैले उसको बदला अर्को धाई खोजेर उसलाई अर्कै काम दिइएको थियो । कतिचोटि त बिदा पनि दिए । तर किन किन उही निस्कन मान्दैनथी, शायद धाई लाग्न जोड गर्दा, आफ्नै घर-को हालत संझाउदै, आँखाभरी आँसु गरेर लोग्नेले भनेको कुरा अक्षरशः छातीमा छाप परेकोले होला !

एक दिनको कुरा हो, बिहान भर्खर सूर्जे उदाएका मात्र थिए । सेतीले लोग्ने भेट्न आएको खबर सुनी । मालिककहाँ बक्साएर उ ढोकामा आइपुगी । आँखा धसिएको, हाड छालाको, जिंग्रिङ्ग कपाल भएको मानिसलाई देखेर ऊ पहिले झस्किई । पछि पो बल्ल लोग्ने भनेर चिनी । लोग्नेचाहिंले त झन् पटक्कै चिनेन । बल्ल बल्ल चिनेपछि उसले भक्कानो पारेर भन्यो—'हिंड जाऊँ, हिजोसम्म अलि अलि खोले चटाएको, रामे निल्दै थियो, आज त रातभर रुन पनि

सकेन, खोलें चटाएं, निल्दैं निल्दैन । एक छिन, बोल्न नसकेर अलि बिग्रेको स्वरमा उसले फेरि भन्यो—हिजो छाडी अस्तिसम्म पनि चराको जस्तो घांटी लाएर सकी नसकी 'आमा !' भन्दै थियो' ।

सुन्दा सुन्दै सेतीलाई थाह भएन, तर उसका आँखाबाट आँसुका बलिन्द्र धारा झरे । अनि त कहां मालिककहां सोध्नु, कहाँ के गर्नु, लोग्नेले पनि भेट्टाएन । सेती लछारिंदै पछारिंदै डेराको ढोकामा रुँदै चिच्याउँदै आइपुगी, लोग्नेले ताल्चा मारेर गएको रहेछ, कुकुरसुकुर पस्लान् भनेर । बाहिरबाट मेरो प्रान, मेरो प्रान ! भन्दै छातीमा मुड्कीले हान्न थाली । भित्रबाट आमा ! भन्छ कि भन्ने उसलाई ठूलो आस थियो, किन भन्न सक्थ्यो । एकै छिनपछि त लोग्ने पनि आइपुग्यो । सुस्केरा हाल्दै ढोका खोल्यो । सेती ढुनमुनिदै भित्र पसेर छोरोलाई अंगाल्न पुगी । के अंगाल्नु थियो र, छोरो त मानौं निराश भएर अनन्त शून्यकहां आफ्नो मर्मान्त वेदना बताउन गैसकेको थियो, त्यहां त उसको सिन्के लाश मात्र बांको थियो । कि भने आफूले छोडेर जाँदाको—'अम्मा' शब्दको नीरव करुण स्मृति !

त्यस्तो मर्मान्त वेदनामा अंगाल्ने निहुँले पछारिएकी सेती फेरि उठिन । यो अँध्यारो जगत्मा उसले अब उठेर हेर्ने, मन राख्ने कुरा पो के थियो र !

———

म पनि आउँछु !

उज्यालो हुन केही घण्टा बाँका नै थियो। जमुना निद्राबाट ब्यूँझिइन्, अर्कै संसारमा। उनी आफूलाई हेर्छिन् त--हातमा चुरा, गलामा रातो पोते, देशबाट आएझैं पतिदेव पनि नजीकै, नारानको पूजा, साथै नारान प्रत्यक्ष औ प्रसन्न भएर सोधिरहेका-'के माग्छौ ?'

पतिदेवले जमुनाको मुख हेरेर भने-के माग्ने ?' जमुनाले औताएर भनिन्—'नाइँ अरू थोक त, दिदीहरू सबैको छ। आफूलाई कस्तो रहर लाग्या छ। काखमा लिएर खेलाउन !

अन्तर्यामी, किन आशय बुझ्दैनथे। नारानले एउटा घुतमुन्ने बालक ल्याएर दिए। जमुनाको छातीमा हर्ष अटाएन। उनले एक्कासि त्यसलाई अंगालेर स्नेहपूर्ण स्वरमा भनिन्—'आम्मै ! कति राम्रो छोरो !'

त्यो सुन्नेबित्तिकै सासू चाहिंले झर्किएको स्वरमा भनिन्—कस्ती बौलाही जस्ती, के बर्बराउँछेस् ए !

जमुना त्यो झर्काइले झल्यास्स भइन्। यही बर्बराएँ भन्ने उनलाई अड्कल थियो। उनले केही बोलिनन्। सासूले भनेको चाहिं उनी सुन्दै थिइन—ऊठ, अब, रात गइसक्यो। आज घरको काम छिटो सक्नु छ। कि तँ पानी लिएर आइज, कि त (ज्येठानी

दिदीको छोरो समातिदे, उ जान्छे !

● ● ●

छोरोको नाम भरत थियो। उ डेढ वर्षको थियो। आमा पानी लिएर आउँदा उ अतालिई र रोइरहेको थियो। आमाको काख संभ्रेपछि केटाकेटी कसरी फुलिन्छन् र ! जमुना 'हो बाबा ! हो, हेर बाबा चाचा !' भन्दै भरसक फुल्याउँदै थिइन्, त्यति गर्दा गर्दै पनि उनको कानमा यी शब्द मानौं गोलीको सट्टा भएर लागे–'सबैको अंश खान जन्मेको छस्, होस् भनेर को हेर्छ तंलाई र !'

अपशोच ! जायाजन्म केही नहुँदै जमुनाको सौभाग्य दैवले मेटिदियो। उनी आफ्नो अवस्थासँग आफैं दिग्दार छन्। उनको त्यो वेदना अरूलाइ सारेर न सक्छ, न त सानैं खोजून्। उनी पवित्र थिइन्, सबैको हित चिताउँथिन्, विशेष आफ्नू काखमा हुर्कन लागेको त्यो बालक भरतमाथि। यो अवश्य हो। तर यो को बुझ्छ ! रुँदा अ····भनेर फुल्याउन खोज्दा पनि उनको ज्येठानी दिदी आफ्नू छैन भनेर 'मेरो छोरोलाई नसहेको' भन्छिन्। हृदय खोलेर देखाउन भए त सजिलै थियो, छुराले छाती चिरेर देखाउँदा त्यो कुराको सफाइ दिन सकिन्थ्यो भने उनी तयार थिइन्। तर त्यो हुन सक्तैनथ्यो। खालि अर्काको शङ्का र आरोपको पात्र बन्नुसिवाय उनको अरू गति थिएन। कि भने आफ्नो पुर्पुरोलाई उनी सराप्थिन्—त्यहा त समाजले उनलाई पढाएको थियो !'

राति उनलाई सितिमिती निद्रा पर्दैनथ्यो। नाना तरहका चिन्ताले उनी ओछयानमा एक कोल्टो र अर्को कोल्टो गरि-

रहन्थिन्-'आखिरमा मेरो के गति होला ! सासू बूढी छउन्जेल त, भला एकै घरमा पनि यस्तै गुज्रान होला, पछि ज्येठानीहरू आफ्ना आफ्ना लोग्ने लिएर भिन्न होलान्। उनीहरूको कमाइ गर्नेछन्। आफ्नो कीही हुँदैन। उनीहरूको अगाडि लाज बचाएर हिँड्न पनि मुस्किल पर्छ। मेरो को छ र, केको आशले घमण्ड गरूँ! तैपनि यस्ती सोझीलाई घोचिरहन्छन्। पछि यिनले हेर्लान् भन्ने कुरै छैन। माइतीमा जाउँ, झन् टिकिवासो हुँदैन। एउटा छोरो मात्र अघि भैसकेको भए म पनि त रानी हुन्थें नि !'

घटनाहरूको समूह नै त जीवन हो। त्यो मानिस, न उ मानिस। त्यो मानिस यहाँ भोग गर्न जन्मेको हो भने उ मानिस किन हैन? यही त प्रकृतिको विधानमा उच्चता, उदारता औ समता छ। तर यो को बुझ्छ ! अपशोच, मानिसले आफ्नो स्वार्थलाई नै दुनियाँको स्वार्थ संझेर भूल गऱ्यो। देश, समाज राष्ट्रको हत्या गऱ्यो। अघि पो कुन हालत थियो, त्यसमा पनि आजकल जमुना ज्यादै चिन्तित जस्ती देखिन्छिन्। उनलाई हरवखत यत्ति छ–के गरूँ, कसो गरूँ! समाजको स्वार्थवृत्तिलाई, अवास्तविकतालाई उनले राम्रो चिनेकी छन्। उनलाई आफ्नो थितिदेखि डर, त्रास र पतनको आशंका छ। यसैले केही निहुँ गरेर उनो घर न माइत, अर्कै एक परिचित संगिनीको घरमा बस्न पुगेकी छन्–पहाड़को कोल्टोमा। जहाँ जनताको ज्यादा कोलाहल छैन।

\+ + +

पश्चिम एक नंबर मान्खु गाउँ, त्यसको फेदी मदेश खोला

धुंवान बगर। आधारातको शून्य समय एक जना तरुण महिला 'चेहाँ चेहाँ' गर्दो नवजात शिशुलाई हेरिरहिछ। आँखामा आँसु छ। हातमा धारिलो गहकिलो दर्शनढुंगो। सास बढिरहेछ, छाती बलात उक्सन्छ। छातीभित्र–'छोरो कसरी मारुँ? कसरी नमारुँ? दुइ प्रश्न-को संघर्ष छ। बालखको मुख हेर्दा हेर्दै छाती निकै बलियो पारिसकेपछि नारीको हातबाट ढुङ्गो स्वयं खस्यो। फेरि एक्कासि ती नारीको दृष्टि क्षितिजनेरका अग्ला पर्खाल जस्त डाँडाहरुमा पऱ्यो। फेरि उनी एक्कासी महाकाली बनिन्। लामो सास आयो। पत्थर उचालिन्। आँखा चिम्लिन्। त्यहाँपछि त एकैबाजि मात्र'चेहाँ' सुनिएको थियो। मधेश खोलाले तरंगको हात उठाएर के लिए जस्तो देखिन्थ्यो।

ती नारी उनै जमुना हुन् त्यो घटनापछि झन्, सारै कल्पिएको र खोपमा डुबेकी देखेर उनलाई मधेस खोलाले सुसाएर आफ्नो स्वरमा भन्यो–'हे निरपराध नारी! शोक नगर। मेरो काख काखै यो बालक समुद्रशायी भगवान्को घरमा पुग्नेछ र तिम्रो मर्म निवेदन गर्नेछ।

मानो त्यो सुनेर हो कि, जमुनाले पनि अश्रुपूर्ण स्वरमा भनिन्–'म पनि आउँछु!'

सुसारे

उसको आज मनोकांक्षा वृन्दाको आज भूइँमा खुट्टा छैन। उसको भाग्यको पुगेको छ। उसको विचारमा मनकामना देवीले नै

ढोका खोलिदिएको हो भन्ने छ। उसले मनकामना भाकेकी थिई, भाकेको पुग्यो, अब पूजा गर्न बाँकी छ। उ आज दरबारमा सुसारे बन्न पुगेकी छ। जुन दिन उसले टीकामा भेट्न जाँदा पाउडरले हाँसेका, सारीले खुलेका आफ्ना छरछिमेकका साथीसंगिनीहरूलाई देखिथी, त्यही दिनदेखि उसको उस्तै बन्ने धोको बसेको थियो, त्यो आज मेटियो। उ ठान्दछे मनकामनाले। वास्तव त्यो हैन, सौन्दर्यले नै, जवानीले नै उसलाई अरूमध्ये छनाएको हो। सूर्जे साछी छन्।

सोह्र वर्षमा स्याल पनि त घोर्ले हुन्छ भन्छन्। त्यसमा पनि बृन्दा! गरीबकी छोरी भनेर हुन्छ र रूप न, डाल न, स्वभाव न, उ कोभन्दा कम छ? त्यसमाथि त्यस्तो सुखसयल भेट्टाएकी! उ जति कल्पना गर्थी, त्योभन्दा धेरै बढ्ता उसलाई चैन छ। उसको वर्तमान स्थिति अप्सराको दर्जामा छ। वास्तव हात रित्तै किन नहोस्! तर भविष्यमा सुनको दर्बार बनाउने उसको स्वप्न छ। अशक्तिवश अहिलेलाई त आफ्नो पुरानो भाकल समेत उ पर सार्दै छ। आखिर दश बीस रुपियाँको बोको किन नहोस्।

\+ \+ \+

अब सात पुगेर आठ वर्ष पनि लाग्यो। अझ बृन्दाको भाकल पुगेको थिएन। साथमा दुइचार रुपियाँसम्म भए पनि आफ्नू पहिलेको ठाँटबाँट राख्नुपर्ने, त्यसै खर्च भइहाल्ने, बढ्ता पहिले जस्तो हातै नपर्ने। अब त जीउ पनि किन हो, अघि जस्तो अरिलो कसिलो नदेखिने चेहरा पनि कस्तो कस्तो एक तमासको बयेलिए जस्तो। बिचरी बृन्दा सधैं मालिकको कोपरा माझिसकेर ठूलो ऐनामा गएर

कसैले नदेख्ने गरी आफ्नो दुबै पट्टिको गाला छाम्थी, आँखा रसिलो पार्थी। उसलाई पनि उसै गरी संगीनहरू भेट्न जान्थे। सेतो मुख र पातलो सारी देखेर लोभिएर फर्कन्थे।

अघि महीना टर्दा ओखती भनेर डाक्टरले दिएको दुइ-तीन मात्रा चक्की खाएदेखि जीउ नै कस्तो कस्तो भएको उसलाई भान हुन्थ्यो। वास्तव सुक्तै सुक्तै त्यसै बुढौतीको पयो लागे जस्तो हुन्थ्यो। मनमा चैन थिएन। कस्तो कस्तो लागिरहन्थ्यो। तैपनि वृन्दा आफ्ना इष्टमित्र, भेट गर्न आउनेहरूसंग भन्थी–'मलाई साह्रै सुख सुविस्ता छ'।

+ + +

अब त वृन्दाको उमेर ३५-४० को भैसकेको छ। मानो स्वप्नमा नै कैयन् पटक भाकल पूरा गरिसकेर हो कि अब त उ त्यस विषय-मा पनि उदास, जस्ती देखिन्छे। उसलाई अब आफ्नो संसार अँध्या-रोमा अँध्यारो हुँदै आफूतिरै निल्न आए जस्तो भान भइरहन्छ। रातो दिन चटचटी हुन्छ। उसलाई अब आफ्नो भविष्य बन्नै सक्तैन भन्ने छ। अकाल बुढ़ौती, चिन्ता, निराशा नै आज उसका जीवनका लाभांश भएका छन्। उसलाई एक मनले भन्छ–'अब यहाँ नबस्'। अर्को मनले भन्छ–अब कहाँ जान्छेस्? तँ सँग के बाँकी छ र?

केही वर्षपछि उ बसेको ठाउँमा अरू नयाँ आउने नोकर चाकर, धाई मुसारेहरू भन्थे—'वृन्दा आमा! तिमी जस्ती बूढी कन्याको मुखै हेरे पनि धर्म आउँछ, तिमी पछि स्वर्ग नै जान्छयौ'।

त्यो सुन्दा हुन्दा गहभरी आँसु लिएर भन्थी—'छिटो मर्न पाए हुन्थ्यो !'

—o—

म लोग्ने हुँ !

माथि के के दाङदुङ आवाज आएको थियो, घरबेटी धोमा बूढी हेर्न गई—उही साबिकको घटना ! त्यसमा पनि आज त हिमी मूर्च्छासमेत परेकी। फेरि केको दयाले हो, हरि आफै स्वास्नीको टाउकोमा पानी पनि छेप्तै थियो। आजचाहिं बेलुका टोलको गल्लीमा लाखे नाचेको हेर्न गई भनेर हरिले स्वास्नी कुटेको रहेछ। स्वास्नीको त्यो हालत पारेर पनि उसको रिस मरेको थिएन। दाह्रा किटेर भन्दै थियो—'पाइस् चोट, रातराति गल्लीमा उभिएर रमिता हेरेको' !

धोमा बूढीले खप्न नसकेर भनी—तपाईं त सारै मापाको मान्छे रहेछ। मुलुकले हेरेको नाच हेर्न पनि नहुने ? हामीसंगै बसेर हेरिरहेको छ, अरू त्यसले के गरेको छ ? छोराको आमा भैसक्यो, दिन दिनै कुटी मात्रै रहन्छ। धाथ्थें हाराँ का थ्वः' ।

'मसंग सोधेर गई र हेर्न ? मेरो वचनबेगर झ्यालबाट मात्रै कतै चियाएको देखूँ त, जुत्ता खाँदेर निकाल्न सक्छु कि सक्तिन देख्लिस् !'

यत्तिकैमा छिमेकका बूढीमाउहरूको संयुक्त आवाज आयो—'छोराछोरीको आमालाई किन सधैं त्यसरी पिटिरहेको हँ !'

'चूप लाग क्या, चूप लाग । लोग्ने हुँ, म आफ्नी स्वास्नीलाई मारूँ कि राखूँ, कसैलाई केही वास्ता छैन'—हरिले झोक्किएर भन्यो ।

अठारौं शताब्दीको संस्कार नसकिएका ती बूढीमाऊहरू पुरुषतन्त्र त्यो तानाशाहीको के विरोध गर्न सक्थे ! अलि सानो आवाजमा, असह्यतामा आफआफूमा उनीहरूले भने--'आफू टोलैपिच्छे घर बनाउँछ; बिचरी सोझीलाई.........' ।

सुनोइन भन्दा त त्यो पनि सुनिहालेछ र हरिले उनीहरूतिर फर्किएर भन्यो---'अरूले जेसुकै गरून्, के खाँचो चाहियो । स्वास्नी भनेको त जुत्ता हुन् जुत्ता । बुझ्यौ ? जति फेरे पनि हुन्छ । यिनीहरूले आफ्नू पर्दामा बस्नुपर्दैन ?

बौरिएर, त्यो सुनेपछि हिमीले रुन्चे स्वरमा भनी–मैंगो तपाईं पर्दा राख्न सक्ने अरूलाई नै यो घरमा ल्याएर राख्नोस् न त, सधैंको कति यो.... । मलाई बिदा दिनुहोस्' ।

त्यो सुनेर जुत्ता उजाउँदै हरिले भन्यो–बिदा माग्ने भएकी राँड, लौ बोल् फेरि ! मैले बिदा माग् भनें र मागिस् ? बढ्ता हुन्छेस् ? मलाई मन लाग्यो भने घोक्र्याएर निकालिदिन पनि सक्छु, यहीं थाममा बाँधेर टमार्न पनि सक्छु, बुझिस् ! लोग्ने हुँ, मेरो माथि हात छ !

'म मन परिनछु त, किन त्यसरी राख्ने, त्यागै गरिदिनुहोस् न, के कसैले आश्रय देओइन र, जाउँला' ।

'किन त्याग गर्छु, तैंले भने जस्तो ! यसै गरी थिलेर राख्छु,

बातेर कतै गइछस् भने, जो आश्रय दिन्छ, त्यसैलाई मोकै टमाछु। भागेर कतै गइछस् भने, जो आश्रय दिन्छ, त्यसैलाई बातलाइदिन्छु, लौ! को आश्रय दिंदो रहेछ! चिनिस् अब, म लाग्ने हुँ!

हिमीले अगाध चिन्तामा डुबेर मनमनै भनी–मेरो केही विराम छैन, हे भगवान्! मेरो निंति शरण के छ?……पाशो!

———

हत्या

पँधेरामा आइमाईहरू खासखुस गरिरहेछन्–'तल्लाघरेकी बुहारी आज किन पानी लिन नआएकी, थाहा छ?

'आँहँ'!

'कस्तो न था' पा त! राति नै देखि वहाँ कस्तो कचरी भा छ, थरी जिम्माल सारा मेला भा छन्'।

'के कुरालाई हँ? कि त्यो कुरा खल भएछ?'

'अनि के त, हरे! नहोस् पो कति, अचाक्ली भा' को! एउटै घरका देवर भाउज्यू रे आफू……, छि…!'

'हो हुन त, मलाई त अरूको यस्तो कुरा सुन्न पनि हुँदैन; आङ जिरिङ्ग हुन्छ'।

'गाउँका विधवा जति त के भएर सकिए! कोही कामीसंग, कोही को…संग!'

28300

'सारै कर्म फुटेकी रहिछ । लोग्नेको बखौंमा सोहैकी त थिई नि त्यो, के लाग्यो !'

'अब के गर्लान् त तल्ला घरेले, छोरा बुहारी दुवैलाई बिगार्लान् कि उसैलाई मात्र ?'

'कुन्नि गाउँका सास्तरिया, ठालू, नाइके सबै उनै छन्, के गर्छन !'

\+ \+ \+

'घरभित्र पस्नासाथ मेरो अम्राल जस्तो छोरो चपाई अब अर्को मुडिदिन लागेकी छ, अलच्छिन, संघारे, बोक्सीले । थुइक्क पातर, थुइक्क डंकिनी !–सासूहरूका यस्ता तीखा बाण छातीमा बिज्नु त छँदै थियो। साथसाथै बुहारीचाहिंको टाउकोमा सिलो खोजे पनि कपाल नपाइने भैसकेको थियो, सासू, आमाज्यू, नन्द सबैले पालैपालो उखेल्दा उखेल्दा ! थिनै दाउराले पायो दाउराले, जेले पायो उसैले हिर्काउथे'। जीउमरी नीलडाम थिए। पाता फर्काएको थियो, फुकाए पनि अब त कतै भाग्न नसक्ने भैसकेकी थिई, थिलिंदा थिलिंदा।

पिट्ता पिट्ता संजोग केही भैगो भने अर्को नौमत पर्छ हजूर ! नकुट्नोस्, बरू जे हुनु भैगो, फर्काईवरि एउटाको हिल्ला लाइदिनुहोस्, र छोरो बचाउनोस् है, मैले भनेको छु'—एक जना गाउँले भलादमीले तल्ला घरेलाई चेतावनी दिएर भने मसिनो स्वरमा !

तल्लाघरेले जवाफमा भने– 'मलाई आइमाई भनेर बिगार्न

पाइन्छ, बिग्न्यौं त दुवै बिग्न्यौं भन्छे कुजात, त्यस्तै स्वभाव नभए र त्यसरी भकुरेका हुन् र नि! जोरीपारीले थाहा पाए अहिल्यै साहिंलाको जन्म बितेको छैन त! लौ भन्नुहोस् ?'

आइमाई, अनाथको त के जन्म थियो र बित्थ्यो, हे भगवान् !'- बुहारीचाहिंका मनमा यस्तै आकुल तरंग खेलिरहेछन्।

घरभित्र आपस्त गाउँलेहरूको सभा उठ्यो। के निधो लाग्यो कुन्नि, सभा उठ्ता 'हो' का 'हो' चलेको थियो, बीच-बीचमा खास-खुस पनि। आखिर स्पष्ट शब्दमा त ससुराचाहिंले यत्ति भनेको सुनिएको थियो- 'भरे उसैको माइत पुऱ्याएर आउनू'।

+ + +

अर्को दिन पँधेरामा उही खासखुस छ। एउटीले भनी—'हेर दिदी, तल्ला घरे कस्ता अपराधी रहेछन्'।

'के भएछ र हँ ?, छोरालाई मात्र जोगाएछन् ?'

'उ लोग्ने मान्छे, नजोगिने के थियो र !, त्यति मात्र हो र ?'

'अरू के त ?'

'छाती रहने कुरा छ र, हाम्रो सानोकी बालाई पनि साथी लग्या रहेछ। हिजो सांझ साहिंला आफैले 'लौ हिंड माइत पुऱ्याइदिन्छु भनेछन् उ अगि लागिछ। बाटामा बस्तै बस्तै ठीक दश घडी रात जाँदा त्रिशूलीमा पुऱ्याएछन्। उ त सांघु (पुल) पनि नाघ्न आँटि-सकेकी रे आफू ! ए भाउज्यू ! पख पख भन्दै गएर........'

आँखाभरि आँसू लिएर अरू बोल्न सकिन, केही बेरपछि मात्र बिग्रेको स्वरमा फेरि भनी-'हुत्त पारिदिएछ'

त्यो सुन्दा अर्कीचाहिंको आँखाबाट बर्र आँसु झऱ्यो—'लौन नि !'

एक छिनसम्म दुवै शोक मुद्रामा चूप भइरहे। पछि दोस्री-चाहिंले बिग्रेको स्वरमा भनी– तीं ढुङ्गामा बज्रेर धूलो भई होली, कि, पानीमा मात्र परेर हुत्त बगायो होला, प्रान जान कति गाह्रो भो होला, कठैबरी !'

पहिलीले झन् बिग्रेको स्वरमा नाकको फोरा फुराउँदै भनी—धकेल्न लाग्दा उसले भनेकी रे–'पेटमा बालक छ पाप लाग्छ। बरु भनेको मान्छु; बिदेशिन्छु। मलाई नमार बाबा ! बिन्ती छ' !

निर्दयी; पेटमा कत्ति धर्म नभएका लोग्ने मान्छेका जात, त्यसमा पनि धनी भइखाएको त्यो साइँदुवा !

———

उमा

बहिनी उमाको उमेर अहिले सत्रको छ। के घर, के माइती उत्तिकै खानदानकी लडकी, केही पातलो कदकी, बाँसको मुना जस्ती लुगलुगाउँदी। उनको प्राकृतिक सौन्दर्यले कस्तै उदासको हृदयलाई पनि खिच्थ्यो, नयाँ उमङ्ग, नयाँ उत्साह अङ्कुराइदिन्थ्यो। कत्रो घर ! वंशीधर भनेपछि उनका बाजेलाई नचिन्ने नेपालभित्र कोही थिएन। तर उमा त्यो घरमा पसेपछि वरपरका जति सब उमाको घर भन्थे, वंशीधरको नाउँ मानो मिटेरै गए जस्तो थियो। कारण उनको बोलाइले पराइको पनि मनमा नाता जोडिदिन्थ्यो, उनी छरछिमेककी हरेक दुःखदर्दमा स्वयं सहानुभूति बन्थिन्। तर

अपसोस ! घर गएको थोरै दिनदेखि नै उनको निधारमा सिन्दूर थिएन, हातमा चूरा थिएन, उनी विधवा थिइन् । घरको त्यो लाखै संपत्ति किन नहोस्, उनी दीन हीन थिइन् । उनी छिमेकी साथी संगिनीहरूसंग भन्थिन्—'सपनामा यी डांडा कांडा काटेर म सधैं कता कता पुगेकी हुन्छु' ।

माघको मेला थियो । उमा पनि ढिपी नै गरेर माइतीको पछि लागिन् । उनीहरूको माघभर नै प्रयाग बस्ने अठोट थियो । अचानक एक दिन, त्रिवेणी नुहाएर फर्कंदा डेरा कुर्न बसेकी उमा रहिन्छन् । माइतीले सबैतिर खोजखबर गरे । आखिर पत्ता लागेन । माघ सकियो, अर्को महीनाको पनि दश आठ दिन गयो, निराश भएर उनीहरू फर्के ।

\+ \+ \+

बनारस सिग्रोल, एउटा मुसलमान पुलीसको डेरा, एउटी नेपाली बूढीले नोटको बिटो खोकिलाभित्र हालेपछि एउटी तरुण महिलालाई भनी—'नानी, राम्रोसंग बस है' ।

पुलीसको उमेर चालीस पैंतालीसको थियो । कालो, अग्लो, दाँत उछिट्टिएको, मुखमा सधैं रक्सीको ह्वास्स, कालो दारी पालेको । छिन छिनमा डेरामा आएर कस्तो कस्तो अज्ञात भाषामा प्रेमको अभिनय गर्थ्यो । ती बिचरी अकमक्क पर्थिन् । उ छउन्जेल उनको मुखमा कृत्रिम हँसी देखिन्थ्यो । उ निस्कनासाथ बिलाउँथ्यो । उनी टोलाइरहन्थिन् । मनमा नाना तर्क-वितर्क उम्लन्थे । उनी आफूलाई कता कता गिर्न लागे जस्तो ठान्थिन्, मनमा शान्ति थिएन । न भाषा मिल्छ, न रहनसहन, न खाना, न पहिरन ! त्यस्ती अपरिचित

संसारमा उनले ज्यूनुपर्ने रे ! नआईकन पनि हाँस्नुपर्ने रे ! उनलाई आशाको बदला भयंकर निराशाको सामना गर्नुपरेको छ । यी तरुण महिला उनै उमा हुन् ।

समयले पैयाँ मारिरहेकै थियो । यो विचित्र दुनियांमा, आँखाका खाजा कति विभिन्न विचित्र दृश्य देखापर्छन्, को भन्न सक्छ ! पंजाबको कुनै एक दरिद्र परिवारमा एक अर्धवयस्का स्त्री देखिन्थिन् । उनको हृदय सधैं उदास र खिन्न जस्तो चेहरामा उत्रन्थ्यो । मुख्य तससाना चार पाँचओटा केटाकेटीको हेरचाह गर्न र अरू घरको कामको लागि पनि भनेर उनलाई घरको मालिकले किनेर ल्याएको रहेछ ! घरको मालिक त्यो वेला ५५-५६ को थियो । ती नारी त्यही वृद्ध पंजाबीको गृहिणी बनेकी रहिछन् । घरको लथालिंगले उनलाई पंजाबी बूढो गृहिणी मान्थ्यो, आफ्नो अवस्थाले उनी पंजाबीलाई पति मान्थिन् ! यो कस्तो दाम्पत्य थियो, भनिरहनुपर्दैन ! दुवैमा के हर्ष थियो, के उमंग ! एउटा पूर्व एउटा पश्चिम फर्केर पनि ती दुइको बीचमा एउटा निर्वाह चलेकै थियो, तापनि किन किन ती नारीमा अलि बढ्ता चिन्ताले सवार गरेको बुझिन्थ्यो उनी धेरजसो खुय्य सुस्केरा हालिरहन्थिन् । तर यी पनि उनै उमा हुन् । वासनाको पिशाच, स्वार्थी गुण्डाले उनको गालाको रगत चुसेर थोरै मोलमा यता हिल्ला लाइदियो, अगत्या उनी त्यसरी बसेकी छन् !

\+ \+ \+

चार साल माघको कुरा हो । केही नेपाली, थोरै लोग्ने मानिस र धेरैजसो आइमाईहरू बनारस, विश्वनाथको दर्शन गरेर बाहिर

निस्के। मन्दिरको ढोकाको बगलमा तिनको आँखा एउटी दयनीय नारीमाथि पऱ्यो जो खटिरै खटिराले कुहिएर ह्वास्स गनाएकी थिई, सिन्को जस्ती दुब्ली, रछ्यान जस्ती मैली, जीउभरी माखा भन्किरहेको, एउटा माटाको पुरुवा थापेर सकी नसकी छिनेको स्वरमा मागिरहेकी थिई–'गरीबको खाने दो !'

तिनीहरूले नेपाली भाषामा त्यसको त्यो शोचनीय हालतको चर्चा गर्दै भने-- 'हरे केको पापले यो यस्तो भई हो, च्चः च्चः !

त्यो सुन्नेबित्तिकै त्यो अशक्त गरीब माग्नेले पनि नेपाली भाषामा भनी-- 'हजूर ! गरीबलाई खान दिनुहोस्' ।

त्यो सुनेर ती नेपाली आइमाईहरूले सोधे-- तँ त हाम्रो कुरा पनि जान्दिरहिछस् , घर कहाँ हँ ?' । उसले आँखाबाट बर्र आँसु झारेर पहिलेदेखिको आफ्नो इतिहास संझदै भनी—'कहाँ कहाँ ! मेरो को छ र कहाँ भनूँ ?'

अफशोच छ, यी पनि उनै उमा हुन् जसलाई आफ्नो स्वार्थ पुगेपछि पंजाबीले पनि बूढेसकालमा गल्लीमा गलहत्याइदिएछ र उनी त्यस्तो हालतमा छन् ।

जो सकेको २।४ पैसा दिएपछि पनि ती नेपाली आइमाईहरूले खेदपूर्ण दृष्टिले धेरै बेरत्यसलाई हेरिरहे र आफ आफूमा बिस्तारै भने- 'यो नेपाली नै हो। यो गतिले त कसैलाई पनि बाच्नु नपरोस् । यसले, छिटै मरे बरु सुख पाउँथी !'

यसको जवाफमा त्यहाँको शोचनीय बीभत्स वातावरण भन्थ्यो- 'यहाँहरूको कृपामा अब त्यत्ति त बाँकी छ ?'

———

CS
N895.513
Pu915m